## मिति २०८० साल असार ६ गतेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावित  विषयहरु:**

१. समिक्षा सम्बन्धमा ।

२. नविकरणिय उर्जा सम्बन्धमा ।

३. संगठन व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

४. आर्थिक बर्ष ०८०/८१ को नीति तथा कार्यक्रम एवं बार्षिक बजेट सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० मा संघीय शसर्तबाट विनियोजन भएको नवीकरणिय ऊर्जा प्रविधि जडान शिर्षकमा खर्च भई बाकिँ रहेको बजेटमध्येबाट वैकल्पिक उर्जाको व्यवस्थापन नभएको  वडा नं. २, वडा नं. ३, वडा नं. ४ र वडा नं. ५ को कार्यालयमा सार्वजनिक सेवा प्रवाहमा नै कठिनाई अवस्था सिर्जना भएकोले माथि उल्लेखित वडा कार्यालयहरुमा बाँकि बजेटको दायरमा रहेर आवश्यता अनुसार सौर्य उर्जा पावर व्याकपको व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा बाग्मति बौद्धिक समाज, काठमाण्डौं, नेपालबाट परामर्श सेवामार्फत तयार गरिएको यस गाउँपालिकाको संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० आवश्य संशोधन सहित स्वीकृति गरी आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम एवं वार्षिक बजेट तर्जुमा सम्बन्धमा देहाय बमोजिम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) मिति २०८०/०३/०३ गतेको श्रोत अनुमान तथा सिमा निर्धारण समितिको श्रोत अनुमान तथा सिमा निर्धारण सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

ख) वडा समिति, विषयगत समिति तथा विषयगत शाखाले तोकिएको सिमामा रही बजेट तथा कार्यक्रम तर्जुमा गरी प्राथमिकता समेत निर्धारण गरी आ-आफ्नो समितिबाट निर्णय गराई मिति २०८०/०३/०७ गते सम्ममा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

ग) बजेट तथा कार्यक्रम तर्जुमा समितिले नीति तथा कार्यक्रम तयार गरी मिति २०८०/०३/०९ गते बस्ने कार्यपालिका बैठकमा पेश गर्ने ।

घ) बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समिति, विषयगत समिति तथा विषयगत शाखाबाट प्राप्त बजेट तथा कार्यक्रमको खाका उपर छलफल गरी प्राथमिकता निर्धारण सहित बजेट तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गरी मिति २०८०/०३/०९ गते बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने ।

ङ) कार्यपालिकाको विधेयक समितिले आर्थिक बर्ष ०८०/८१ को आर्थिक बिधेयक, २०८० तथा विनियोजन विधेयक, २०८० तर्जुमा गरी मिति २०८०/०३/०९ गते बस्ने कार्यपालिका बैठकमा पेश गर्ने ।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आगामि कार्यपालिका बैठक मिति २०८०/०३/०७ गते दिनको १ बजे बस्ने सर्वसम्मत निर्णय गरियो ।